bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY




वर्ष ४० अंक १४ | २०७८ वैशाख १६ गते विहीबार, नेपाल सम्वत् ११४१ April 29, 2021 | पृष्ठ ४ | मूल्य : रु. ५/-



**पहाडको तरेली :** समुन्द्रि सतहबाट करिब १२४० मिटर उचाईमा रहेको ऐतिहासिक स्थल तनहुँसुरको गढीबाट देखिएको प्राकृतिक छटाले भरिपूर्ण पहाडका तरेली । ऐतिहासिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न व्यास नगरपालिकाले तनहुँसुरलाई 'तनहुँसुर इको ट्रेक'बाट जोड्दै प्रचार प्रसार प्रवर्द्धनको काम अगाडि बढाएको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष श्रेष्ठद्वारा पदभार ग्रहणसंगै योजना सार्वजनिक

## संघको महासचिवमा डुम्रेका अधिकारी मनोनित

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष पबिन्द्र कुमार श्रेष्ठले आफ्नो कार्यकालका प्राथमिकता सहितको योजना सार्वजनिक गरेका छन् । १६औं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित भए पश्चात बुधबार पदभार ग्रहण गर्दै उनले आफ्नो योजना सार्वजनिक गरेका हुन् । अध्यक्ष श्रेष्ठले २०८० सालसम्मका लागि तयार पारेको योजनामा व्यवसायीका समस्या समाधान र व्यवसाय प्रवर्द्धनदेखि औद्योगिक ग्राम स्थापनाका लागि पहल गर्नेसम्म उल्लेख छ ।

श्रेष्ठले व्यवसायीको क्षमता विकास, करसहितका सरोकारवाला कार्यालयसँग अर्न्तक्रिया र नियमित तालिमका योजना पनि सार्वजिनक गरेका छन् । उनले आफ्नो योजनामा संघको बहुद्देश्यीय भवन तथा औद्योगिक ग्राम निर्माणका लागि जिल्ला प्रदेश र संघ सरकारसमक्ष पहल गर्ने घोषणा गरेका छन् ।

आफ्नो योजनामा नवनिर्वाचित अध्यक्ष श्रेष्ठले कृषि र पर्यटनका सम्भावनाको प्रचारसँगै मेला महोत्सव समेत गर्ने उल्लेख गरेका छन् । उनले हरेक छ महिनामा कार्यसमिति, सल्लाहकार तथा उपसमितिको संयुक्त बैठक डाक्ने तथा तनहुँ जलविद्युत योजनासँग सम्भावित सहकार्यका योजना पनि अघि सारेका छन् ।

पदस्थापना कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगर प्रमुख बैकुण्ठ न्यौपाने, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य देवकुमार श्रेष्ठ, महासंघ गण्डकी सदस्य मंगलप्रसाद श्रेष्ठ, संघका निवर्तमान अध्यक्ष मानकाजी श्रेष्ठ, अध्यक्ष प्रत्यासी बैकुण्ठनाथ मिश्र, थर्पु सभापति भीमलाल श्रेष्ठलगायतले नवनिर्वाचित पदाधिकारीलाई सफलताको शुभकामना दिदै व्यवसायिका हकहितमा काम गर्न सुझाएका थिए । संघका नवनिर्वाचित प्रथम उपाध्यक्ष ईमकुमार मल्लले संघ सबै पक्षलाई समेटेर अघि बढ्ने विश्वास दिलाए।

यस्तै संघको बैठकले वर्तमान कोभिडको संक्रमणलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले तोकेको सुरक्षा सावधानी अपनाई विभिन्न बजार इकाई समिति र महिला उद्यमी विकास समितिको शपथ ग्रहण कार्यक्रम यही बैशाख २५ गतेभित्र सम्पन्न गरी संघको सचिवालयमा प्रतिवेदन पेश गर्ने निर्णय गरेको छ ।

बैठकले कोभिड-१९ को पछिल्लो संस्करण अत्यन्त भयावह र जोखिमपूर्ण रहेको हुँदा सम्पूर्ण उद्योगी व्यवसायीहरूलाई सुरक्षा सतर्कता अपनाई सम्वेदनशिलताका साथ आफ्नो व्यापार व्यवसायी सुचारू गर्नको लागि अनुरोध गरेको छ ।



तनहुँ उद्योग वाणिज्य संघको बुधबार आयोजित पदस्थापन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष पविन्द्रकुमार श्रेष्ठलाई शपथ गराउँदै निवर्तमान अध्यक्ष मानकाजी श्रेष्ठ ।

**संघको महासचिवमा अधिकारी**

तनहुँ उद्योग वाणिज्य संघको महासचिवमा डुम्रेका सुबोध अधिकारी मनोनित भएका छन् । पदस्थापनलगत्तै बसेको कार्य समितिको बैठकले उनलाई महासचिवमा मनोनित गरेको हो । अधिकारी यस अघि संघका द्वितीय उपाध्यक्ष थिए ।

सबै क्षेत्रलाई समेट्ने प्रतिवद्धता जनाएका अध्यक्ष पबिन्द्रकुमार श्रेष्ठले डुम्रे बजार एकाईका तर्फबाट अधिकारीलाई मनोनित गर्ने प्रस्ताव बैठकमा गरेका थिए। बैठकले आमन्त्रित सदस्यमा अध्यक्षका प्रत्यासी बैकुण्ठनाथ मिश्रलाई मनोनित गर्ने समेत निर्णय गरेको जिल्ला सदस्य एकप्रसाद श्रेष्ठले जानकारी दिए ।

सचिव, सहसचिव, सहकोषाध्यक्ष तथा अन्य सदस्यका हकमा भने विधान संसोधनको प्रक्रिया प्रशासनबाट पुरा भएको केही समयपछि मनोनित गर्ने तयारी गरिएको बताइएको छ ।

# जिल्लामा प्रजिअले निषेधाज्ञा जारी गर्न सक्ने

**रासस/काठमाडौं**

सरकारले कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचारका लागि सम्बन्धित जिल्लाभित्र निषेधाज्ञा जारी गर्ने अख्तियारी प्रमुख जिल्ला अधिकारीलाई दिएको छ। मन्त्रिपरिषद्का पछिल्ला बैठकका निर्णय सार्वजनिक गर्न बुधबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेनलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरूङले संक्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौं उपत्यका तथा तराईमा ५०० सक्रिय संक्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्ने गरी कायममुकायम मुकरर गरिएको जानकारी दिनुभयो।

काठमाडौँ उपत्यका र केही जिल्लामा यही वैशाख १६ गतेदेखि

बाँकी तेश्रो पेजमा



# सम्पादकीय...........

## परीक्षणलाई बढाऔं

स्वास्थ्य कार्यालय तनहुँको पछिल्लो तथ्याङ्क अनुसार जिल्लामा ४२ जना कोरोना भाइरसका सक्रिय संक्रमित छन् । १२ महिला र ३० पुरूषमा कोभिड–१९ संक्रमण देखिएको र उनिहरू होमआइसोलेसनमा बस्दै आएका छन् । संक्रमित मध्ये कुनैमापनि गम्भिर सम्स्या देखिएको त छैन तर, जिल्लामा संक्रमितको पहिचानका लागि गरिनुपर्ने पिसिआर परीक्षणको दायारा बढाउन ध्यान दिइएको छैन । जिल्लामा हालसम्म पिसिआर मेसिन सञ्चालनमा ल्याउन सकिएको छैन । रोटरी क्लवले व्यास नगरपालिकालाई पिसिआर मेसिन उपलब्ध गराएपनि आवश्यक पूर्वाधार र जनशक्ति नहुँदा सञ्चालनमा ल्याउन सकिएको छैन । जिल्लामा पिसिआर परीक्षण सेवा उपलब्ध नहुँदा संकास्पद संक्रमितहरूको स्वाब नमुना संकलन गरी पोखरा पठाउने गरिएको छ । जिल्लामै पिसिआर परीक्षणको सेवा सहज रूपमा उपलब्ध गराउन दाताले दिएको मेसिन सञ्चालनमा ल्याउन नसक्नु दुःखद पक्ष हो । केही महिनादेखि सुस्ताएको कोरोना भाइरस संक्रमणको दायार अहिले पुनः भयवह अवस्थामा देखा परेको छ । नयाँ भेरियन्टको कोरोना भाइरस नेपालमा पनि भित्रिएको अवस्थामा जिल्लामा यो संक्रमणको अवस्था के कस्तो छ भन्ने विषयमा परीक्षणका दायारालाई अगाडि बढाउनु अति आवश्यक छ । विस्तारै लयमा फर्कदै गरेको दैनिकी पुनः भाइरस संक्रमण बढ्न थालेपछि जनजीवन भयवित हुँदै गएको छ । अहिले जिल्लाका सम्पूर्ण शिक्षण संस्थाहरू बन्द गरिएका छन् भने नागरिकलाई भिडभाडजन्य गतिविधि नगर्न स्थानीय प्रशासन र पालिकाहरूले आग्रह गर्दै आएका छन् । छिमेकी जिल्लाहरू चितवन, कास्कीमा निषेधाज्ञा जारी गरिएको छ भने तनहुँमा अहिलेसम्म यो विषयमा सोचिएको छैन । परीक्षणको दायारलाई प्राथमिकतामा नराखिदा र विद्यालय बाहेक सबै क्षेत्र खुल्ला भइराख्दा कतै संक्रमण भित्रभित्रै त फैलिएको छैन । आशंका पैदा भएको छ ।

कोरोना भाइरसको संक्रमण भई गम्भिर प्रकृतिका विरामी बढेमा सहज उपचारको व्यवस्थापन पनि जिल्लामा छैन । शुक्लागण्डकी नगरपालिकाको जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा करिब ३० बेड क्षमताको अक्सिजन सहितको उपचार कक्ष तयार गरिएपनि संक्रमित व्यक्तिको स्वास्थ्यमा गम्भिर समस्या देखिएमा भेन्टिलेटर सहितको उपचार कक्षको व्यवस्था जिल्लामा छैन । जिल्लाका १० वटै पालिकाको लागत सहिभागितामा केन्द्रको प्राङ्गणमा आइसोलेसन भवन तयार गरिएको छ । केन्द्रमा दक्ष जनशक्ति भएपनि उपचारका लागि आवश्यक पर्ने आधुनिक प्रविधि सहितको उपकरण नहुँदा सहज रूपमा उपचार सेवा दिन नसक्ने अवस्थामा छ । यस्तै, जिल्ला अस्पतालको रूपमा रहेको दमौली अस्पतालमा भेन्टिलेटर सहितको केही आइसियू कक्ष तयार गरिएपनि दक्ष जनशक्ति अभावमा सञ्चालनमा ल्याउन सकिएको छैन । दमौली अस्पतालमा भेन्टिलेटर सहितको आइसियू कक्ष तयारी अवस्थामा राखिएको त छ तर, दक्ष जनशक्तिको अभाव खड्किएको छ । संक्रमण फैलदै गएमा र स्वास्थ्यमा गम्भिर समस्या देखिन थालेमा जिल्लामै उपचार सेवा नागरिकले पाउन सक्ने अवस्था नभएको हुँदा यस तर्फ सरोकारवाला निकायले समयमै ध्यान पुऱ्याउनु पर्दछ । यस्तै, प्राणघातक संक्रमाक रोगका रूपमा फैलिएको कोभिड–१९ संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि स्वयं नागरिकहरू नै सचेत भाई सावधानी अपनाउनु नै उत्म विकल्प भएकाले यस तर्फ नागरिकहरू पनि सचेत बनौं । लापरवाही होइन् आफु बाहेक अरू सबै संक्रमित छन् भन्ने सोच राखि स्वास्थ्य सुरक्षाका सामाग्रि प्रयोगका साथै मापदण्ड पालनामा ध्यान दिऊ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६१/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# लकडाउनले मात्र थेग्दैन !

**अमित ढकाल**

कोभिड–१९ को पहिलो लहर उत्कर्षमा पुग्दा नेपालमा दैनिक संक्रमण पाँच हजारसम्म पुगेको थियो। त्यो बेला दैनिक २० हजारसम्मको पिसिआर परीक्षण गरिएको थियो। भारत र नेपाल लगभग सँगसँगै पहिलो लहरबाट आक्रान्त बनेका थिए। पहिलो लहर उत्कर्षमा पुग्दा भारतमा दैनिक संक्रमण करिब एक लाख पुगेको थियो। भारतलाई अहिले दोस्रो लहरले गाँजेको छ। दैनिक संक्रमण साढे तीन लाख पुगेको छ। अर्थात्, पहिलो लहरको तुलनामा तीन गुना । यसपालि भारतमा देखिएको कोरोना भाइरस पहिलेभन्दा धेरै आक्रामक रहेको वैज्ञानिकहरूको ठम्याइ छ । यो भाइरसबारे थप अध्ययन जारी छ। विज्ञहरु एउटा कुरामा भने सहमत छन् संक्रमण अझै केही समय तीव्र बढ्ने छ। नेपालमा पनि भारतमा देखिएको नयाँ प्रकारको भाइरसले प्रवेश पाइसकेको छ। त्यसले बितन्डा मच्चाउन भने बाँकी नै छ। अहिलेको संक्रमण मूलतः हाम्रो लापरबाहीका कारण बढेको स्वास्थ्य मन्त्रालयका विज्ञहरूले बताइरहेका छन् । भारतमा देखिएको नयाँ प्रकारको भाइरस फैलिन त बाँकी नै भएको उनीहरूको भनाइ छ। त्यो भाइरस समुदायमा फैलिँदै जाँदा हाम्रोमा संक्रमण कति पुग्ला?

पहिलो लहरको तुलनामा संक्रमण तीन गुना बढ्यो भने दैनिक १५ हजार मानिस संक्रमित हुनेछन् । स्वास्थ्य मन्त्रालयले गरेको आन्तरिक प्रक्षेपणमा पनि दैनिक कम्तिमा ११ हजारदेखि बढीमा १९ हजारसम्म संक्रमित हुने देखिएको छ । नेपालमा कोरोना उत्कर्षमा पुग्न अझै तीन महिना लाग्ने अनुमान छ। त्यो बेलासम्म सोझो हिसाबले पनि करिब दस लाख मानिस संक्रमित हुनसक्ने छन्। त्यसको १५ प्रतिशतलाई अस्पताल पुऱ्याउनुपऱ्यो भने एक लाख पचास हजार संक्रमितलाई अस्पतालको सेवा चाहिनेछ। पाँच प्रतिशत मात्र गम्भीर रूपले संक्रमित हुने अनुमान गर्ने हो भने पनि तीन महिनाभित्र पचास हजारलाई आइसियूको उपचार चाहिन सक्छ। कोभिड–१९ ले च्यापेर आइसियू भर्ना भएका बहुसंख्यक मानिस लामो समय अस्पताल बस्नुपर्ने हुन्छ। त्यसैले आइसियू बेड खाली हुन कठिन हुन्छ। हामीकहाँ देशभर तीन हजार भन्दा कम आइसियू बेड छन् । धेरै अस्पतालमा अहिले नै बेड भरिन थालेका छन्। आवश्यक सिलिन्डर नभएकाले अक्सिजनको अहिले नै अभाव छ। त्यसैले आउने दिनमा सबै बिरामीले अस्पतालको बेड पाउने छैनन् । सम्भवतः सबैलाई अक्सिजन पुग्ने छैन। कोभिड–१९ का कारण हुने मृत्युदर बढ्नेछ । हिजो मात्र स्वास्थ्य मन्त्रालयका एक उच्च अधिकारीले मसँग भने, 'नेताहरूको ताल यस्तो छ, आममानिसको ताल यस्तो छ। यसपालि धेरै मानिस मर्ने भए। बेड नपाएरै धेरै मर्ने भए।'

कामना गरौं, त्यस्तो नहोस्। कामना गरौं, संक्रमण भारतमा जसरी नेपालमा नफैलियोस्। भारतमा जसरी अस्पतालमा बेड नपाएर मानिस मर्नु नपरोस् । यसपालि हाम्रो कामनाले मात्र थाम्ने छैन । हामीले हाम्रो व्यवहार परिवर्तन नगरे हामीलाई पशुपतिनाथले पनि बचाउन सक्ने छैनन् । आउने तीन महिनामा संक्रमित हुने दस लाखमा तपाईं पनि पर्न सक्नुहुन्छ, म पनि पर्न सक्छु। अस्पताल भर्ना हुनुपर्नेमा वा आइसियू चाहिनेमा तपाईं पनि पर्न सक्नुहुन्छ, म पनि। आइसियू नपाएर छटपटिनेमा हामी जो पनि पर्न सक्छौं। अहिले कोभिडको संक्रमण बढ्नुमा सरकारको दोष होला। सरकारी निकायको दोष होला। अरु धेरैको दोष होला। सबभन्दा ठूलो दोष हाम्रो छ। आममानिसको छ। भोलि पनि यो विष्फोटक तहमा पुग्यो भने हाम्रै कारणले पुग्नेछ। यसलाई नियन्त्रणभन्दा बाहिर जान नदिन पनि हामीले नै सक्नेछौं ।

हामी जिम्मेवारी लिन तयार हो कि होइन?

आफैंप्रति, आफ्नो परिवारप्रति, आफ्ना नजिकका प्रति जिम्मेवार हुने हो कि होइन? कदाचित् हामी संक्रमित भयौं भने सबभन्दा पहिले त्यो कसलाई सर्छ ? श्रीमती, श्रीमान, छोरी, छोरा, आमा, बा, नजिकका नातागोता, साथीभाइ वा कार्यालयका सहकर्मी । अर्थात्, हाम्रा आफ्ना प्रियजन, जो हामीसँगै हुन्छन्। हामी जसको नजिक हुन्छौं । हाम्रो लापरबाहीले हामी आफू त समस्यामा पर्छौं नै, प्रियजनलाई पनि समस्यामा पार्ने छौं । तर हामी त चिनेका मान्छेले कोरोना नै सार्दैनन् भनेझैं गर्छौं। परिवारजन वा साथीभाइले कोरोना भाइरस बोक्दैनन् झैं गर्छौं। सडकमा एक्लै हिँड्दा मास्क लगाउँछौं। तर बाटामा चिनेको मानिस भेट भए मास्क खोलेर गफिन थाल्छौं। आफन्तकहाँ जाँदा पनि मास्क खोलेर गफिन थाल्छौं ।

सबभन्दा ठूलो गल्ती हामी यही गर्छौं । हामी आफूले होइन, अरूले मात्र बार्नुपर्छ भन्ने ठान्छौं। अरूलाई गाली गर्छौं, तर आफू सामान्य नियम पनि पालना गर्दैनौं । शुक्रबार म राजधानीको मेरियट होटलको एउटा कार्यक्रममा गएको थिएँ । केही डाक्टर पनि सहभागी थिए। हल छिर्नुअघि सबै पाहुनालाई सर्जिकल मास्क खोलेर एन–९५ मास्क लगाउन लगाइयो। मलाई राम्रै लाग्यो। बन्द कोठामा कोरोना भाइरस एकअर्कामा सर्ने सम्भावना धेरै हुन्छ । म पनि मास्क फेरेर कोठाभित्र पसैं। सबै मास्क लगाएरै बसे । वक्ताहरूले मात्र बोलुन्जेल मास्क फुकालेर बोले, जुन जरूरी थिएन। कार्यक्रम सकिएपछि भने कक्टेल डिनर नै सुरु भयो। सबैले मास्क खोलेर खान, पिउन थाले। आयोजकले मलाई पनि कर गर्दै थिए, म मिटिङ छ भनेर टाप कसैं।

शनिबार फेरि आफन्तको बिहेमा जानु थियो। जन्त जान दुलाहाको घर पुगेको, त्यहाँ उही ताल। कसैको अनुहारमा मास्क छैन। एकछिनमा म्युजिक सुरु भयो। जन्त निस्कनुअघि छोटो नाचगान जम्यो। गाडी चढ्ने बेला भने सबैलाई मास्क बाँडियो। मानौं, कोरोना बेहुलीका घरमा मात्र छ, त्यहाँ पुगेपछि मात्र कोरोनाले समात्छ ! एक जना जन्ती मेरै गाडीमा चढ्नुभयो, बिनामास्क। मेरो अनुहारमा मास्क देखेर भन्नुभयो, 'बाबु, मलाई त मास्क लगाउनै अप्ठ्यारो लाग्छ। कोरोनाले केही गर्दैन होला है।' मैले भनैं, 'आफूलाई संक्रमण नहुन्जेल त्यस्तो लाग्ने हो। लागेपछि त सकिहाल्यो । सुरुमै सचेत हुनु राम्रो ।'

उहाँले के छोड्नु हुन्थ्यो । थप्नुभयो, 'झापाका मानिसलाई कोरोना लाग्दैन। काठमाडौंकालाई मात्र लाग्छ ।' उच्च मनोबलवाला, प्रतिरोध क्षमता धेरै भएका सुपर झापालीहरूसँग कुरा गरेर के साध्य ! उच्च मनोबल राख्नु ठिक छ । अरु समस्याझैं कोरोनासँग लड्न उच्च मनोबलले सहयोग नै गर्छ। तर भूपि शेरचनले भनेझैं, हामी बुद्धू भएकाले वीर हुनुभएन । धेरै ख्याल गर्दागर्दै हामीलाई संक्रमण सर्न सक्छ। होसियारी अपनाउँदा अपनाउँदै सानो छिद्रबाट पनि यो भाइरस छिर्न सक्छ। तर हामीले जानाजान मुर्ख्याइँ गर्नुभएन । बत्तीमा कीरा सोझै झोसिएझैं लापरबाहीपूर्वक कोरोनामा झोसिनुभएन । वैशाख १६ देखि काठमाडौं उपत्यकामा निषेधाज्ञा सुरु भएको छ । सार्वजनिक तथा निजी सवारी साधन चल्न नपाएपछि र अत्यावश्यक सेवा बाहेकका व्यवसाय खुल्न नपाएपछि यो एक प्रकारको लकडाउन नै हो । राजधानीवासी धेरैलाई लागेको होला, लकडाउन भएपछि अब संक्रमण बढ्दैन। विस्तारै सबै ठिकठाक हुन्छ। त्यसो होइन। संक्रमण नबढ्न त पहिले हाम्रो व्यवहार ठिक हुनुपऱ्यो नि ! पछिल्लो लकडाउनकै उदाहरण लिऊँ। हामीले पहिलो संक्रमण देखिनेबित्तिकै चैत ११ देखि देशव्यापी लकडाउन गरेका थियौं । लकडाउन कायमै रहेका बेला संक्रमण बढेर दैनिक पाँच हजारसम्म पुग्यो ।

भारतबाट आउने नेपालीलाई हामीले राम्ररी क्वारेन्टिन व्यवस्था गर्न सकेनौं। उनीहरूमध्ये कैयन भाइरस बोकेरै समुदाय र परिवारमा पुगे। अरूलाई सारे। काठमाडौं लगायत सहरमा पनि लकडाउनमा मानिसको व्यवहार बदलिएन। हेलचेक्र्याइँ घटेन। त्यसैले एकबाट दुई, दुईबाट चार हुँदै कोरोना फैलियो। यसपालि त निषेधाज्ञा सुरु हुनुअगावै काठमाडौंमा दैनिक संक्रमित हजारभन्दा बढी पुगेका छन्। परीक्षण नगराएका अरु कति होलान्! तिनीहरूले परिवार र समुदायमा संक्रमण तीव्र गतिमा सार्नेछन् । त्यसलाई रोक्ने एउटै मात्र उपाय छ : आफूबाहेक सबैलाई संक्रमण भएको छ भन्ने मान्ने र मास्क र सामाजिक दुरी कायम राख्ने। थोरै पनि लक्षण देखिए परिवार, साथीभाइबाट थप अलग हुने। तुरून्त जाँच गराउने। जति छिटो जाँच गरायो र संक्रमण थाहा लाग्यो, त्यति नै चाँडो निको पार्न सकिन्छ । त्यसैले सबभन्दा पहिले जिम्मेवारी आफ्नो काँधमा लिनुपऱ्यो। म एक जनाको व्यवहारले कोरोना नियन्त्रणमा फरक पर्छ भन्ने मान्नुपऱ्यो। सरकारलाई मात्र सत्तोसराप गर्ने तर हामी आफूले जिम्मेवारी नलिने हो भने यसपालि कोरोना नियन्त्रणबाहिर जानेछ। हामी सबैले थप दुःख पाउनेछौं ।

त्यसको अर्थ सरकारको जिम्मेवारी छैन भनेको होइन। सरकारको भूमिका छैन भनेको होइन । सरकारले गल्ती गरेको छैन भनेको होइन । नेताहरूले लापरबाही गरेका छैनन् भनेको होइन । भारतमा संक्रमण दर ह्वात्तै बढेपछि र नेपालमै संक्रमण बढ्न थालेपछि पनि नेताहरूले गैरजिम्मेवार रूपमा सार्वजनिक कार्यक्रमहरु गरिरहे। भेलाहरु गरिरहे। मास्क नलगाइकनै वा मास्क चिउँडोमा तानेर बोले। त्यसमा सरकार, प्रतिपक्षी दल, अन्य सबैजसो दलका नेता जिम्मेवार छन् । कुनै प्रमुख नेता अछुतो छैनन् । सरकार प्रमुख र देशको प्रमुख नेताका हिसाबले सबभन्दा धेरै जिम्मेवार हुनुपर्ने प्रधानमन्त्री नै सबभन्दा गैरजिम्मेवार बने। संक्रमण थाम्न सकिन्न, चाँडै निषेधाज्ञा जारी गर्नुपर्छ भनेर स्वास्थ्य मन्त्रालयले सल्लाह दिएपछि पनि प्रधानमन्त्री बनिनसकेको धरहरा उद्घाटन गर्न तम्सिए। अरु सार्वजनिक कार्यक्रममा सहभागी बने। बालुवाटारमा आफ्नो गुटका भेलालाई निरन्तरता दिए ।

यी भेलाबाहेक 'कोरोना केही होइन, आत्मबल कायम राखे जितिन्छ, बेसारपानी खाए जितिन्छ, नेपालीको प्रतिरोधात्मक क्षमता

बाँकी तेश्रो पेजमा



अमित ढकाल

**आफूबाहेक सबैलाई संक्रमण भएको छ भन्ने मान्ने र मास्क र सामाजिक दुरी कायम राख्ने। थोरै पनि लक्षण देखिए परिवार, साथीभाइबाट थप अलग हुने। तुरून्त जाँच गराउने । जति छिटो जाँच गरायो र संक्रमण थाहा लाग्यो, त्यति नै चाँडो निको पार्न सकिन्छ ।**

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ । मिहिनेतीहरूका लागि भने दिन उपलब्धिमूलक नै रहनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
रोकिएका काम बन्नाले मनग्य लाभ हुनेछ । द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन् ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आम्दानीका स्रोत बढ्नेछन्। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउन सक्छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
विभिन्न भौतिक वस्तुहरु जुटाउन सकिनेछ । स्वास्थ्यमा कमजोरी देखापर्न सक्छ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अपराह्नदेखि नयाँ योजनातर्फ अग्रसर भइनेछ । भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ने हुन सक्छ । दिगो काम सुरू गर्ने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
तारिफयोग्य कामले प्रशंसक बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,द)
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रयत्न गर्दा दिगो काम प्रारम्भ हुन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
आफ्नो क्षेत्रमा नाम र दाम कमाउने समय छ । कर्मयोगले आम्दानी समेत बढाउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
भविष्यका लागि धनसञ्चय र कर्मनिश्चय गर्ने समय छ । प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
मिहिनेत परे पनि भाग्यले सफलताको उचाइमा पुर्याउनेछ। चुनौतीहरु स्वतः हट्नेछन् ।

# जिल्लामा प्रजिअले निषेधाज्ञा......

निषेधाज्ञा जारी भइसकेको छ । उक्त अवधिमा खाद्यान्न, अत्यावश्यक सवारी साधनको आवतजावत र सेवा सञ्चालनका लागि सरकारले आवश्यक प्रबन्ध गरेको छ ।

**सबै शिक्षालय र परीक्षा बन्द**

यस्तै वैशाख १६ देखि ३० गतेसम्म देशभरका सबै विद्यालय तथा शिक्षालय बन्द गरी भौतिक उपस्थिति नभई भर्चुअल वा वैकल्पिक माध्यमबाट पठनपाठन कायम राख्न निर्देशन दिइएको छ। निर्धारित परीक्षा हाललाई स्थगन गर्ने निर्णयमा उल्लेख छ।

**नेपाल प्रवेश गर्दा अपनाउनुपर्ने मापदण्ड**

मन्त्री गुरूङले नेपाल सिमाना जोडिएका छिमेकी मुलुकका नागरिक बाहेक अन्य देशका नागरिकलाई स्थलमार्गबाट हुने आवागमन स्थगन गर्ने र स्थलमार्गबाट नेपाल आउनुपर्ने भारतीय र चिनियाँ नागरिकलाई निजले यात्रा गर्नुअघि स्वाब संकलन भएको ७२ घन्टाभित्रको कोभिड–१९ नेगेटिभ तथा १० दिन अनिवार्य रूपमा होटेल क्वारेन्टिनमा बस्ने गरी होटेल बुक गरेको प्रमाण पेश गरेको आधारमा स्थानीय प्रशासनको अनुमतिमा नेपाल प्रवेश गर्न दिने निर्णय गरिएको बताउनुभयो । हवाई मार्गबाट नेपाल प्रवेश गर्ने नागरिकले पनि उक्त मापदण्ड पालना गर्नुपर्नेछ। उनीहरूले १० दिन अनिवार्य होटेल वा होम क्वारेन्टिनमा बस्नुपर्नेछ ।

**होल्डिङ सेन्टर बनाइने**

मन्त्रिपरिषद्को अर्को निर्णयमा नेपाली सेनाले नेपाल–भारत स्थलगत सीमा मार्ग नजिकै पायक पर्ने स्थानका साथै काठमाडौं उपत्यकामा कम्तीमा एक हजार क्षमताको बहुउपयोगी वा अर्ध स्थायी प्रकृतिको होल्डिङ सेन्टर बनाउने र त्यसका लागि सरकारले जग्गा र अर्थ मन्त्रालयले आवश्यक बजेट निकासा दिने भनिएको छ। यस्तै सरकारले कोभिडका बिरामीको उपचारका लागि पर्याप्त अक्सिजनका सिलिन्डर हुने गरी तत्काल आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ।

**मुद्दा क्रमशः फिर्ता लिइने**

सरकारले मधेस आन्दोलनसँग सम्बन्धित १२० व्यक्तिका मुद्दा फिर्ताको निर्णय गरेको छ भने अन्य मुद्दा कानूनबमोजिम क्रमशः फिर्ता लिँदै जाने भएको छ। पत्रकार सम्मेलनमा सोधिएको प्रश्नमा प्रवक्ता गुरूङले नेत्रविक्रम चन्द नेतृत्वको नेकपासँगको सहमतिका आधारमा पनि मुद्दा फिर्ताको क्रम जारी रहेको जानकारी दिनुभयो।

# तीन जना पत्रकारको हत्या

**रासस/एएफपी (औगाडोगो)**

अफ्रिकी मुलुक बुर्किना फासोमा आतङ्कवादीले तीन जना युरोपेली पत्रकारको हत्या गरेको अधिकारीले बताएका छन् । हत्या गरिएकामा दुई जना स्पेनिस र एक जना आइरिस पत्रकार रहेका छन् । बुर्किना फासोका संरक्षित जीवजन्तुको चोरी शिकारी नियन्त्रणको गस्तीमा सहभागी रहेका बखत उनीहरूमाथि आक्रमण भएको थियो। बुर्किना फासोका सञ्चारमन्त्री एवम् सरकारका प्रवक्ता ओसेनी टाम्बुराले एक विज्ञप्ति प्रकाशन गरी तीन जना पत्रकारको हत्या भएको र एक जना बुर्किना फासोका नागरिक बेपत्ता भएको बताउनु भएको छ ।

फाडा एन्गुर्मा–पामा क्षेत्रमा भएको उक्त आक्रमणमा अरू छ जना घाइते भएका छन् । बुर्किना फासोका एक जना वरिष्ट सुरक्षा अधिकारीले आतङ्कवादी समूहले पत्रकारको हत्या गरेको पुष्टि गर्नुभयो। ती पत्रकार रिपोटर्स विदाउट बोर्डर्ससँग आबद्ध थिए । यद्यपी ती अधिकारीले आक्रमणकारी कुन समूहसँग आबद्ध थिए भन्ने केही बताउनु भएको छैन। सुरक्षा स्रोतका अनुसार, आक्रमणकारीले दुई वटा पिकअप सवारी साधन र एक दर्जनजति मोटरसाइकल प्रयोग गरेका थिए । स्पेनी प्रधानमन्त्री पेड्रो सान्चेजले आफ्नो मुलुकका दुई पत्रकारको हत्या भएको पुष्टि गर्नुभयो। उहाँले ट्वीट गर्दै हत्या गरिएका स्पेनिस पत्रकारमा डेभिड बेरियान र रोबर्टो फ्राइल रहेको जानकारी दिनुभयो ।

विश्वकै गरिब राष्ट्र बुर्किना फासोमा इस्लामिक अतिवादी समूहले सरकारी फौजमाथि आक्रमण गर्ने गरेका छन्। उनीहरू सन् २०१५ मा छिमेकी मुलुक मालीबाट बुर्किना फासोमा प्रवेश गरेका थिए। अल–कायदा र इस्लामिक स्टेटसँग आबद्ध समेतका जिहादी समूहले बुर्किना फासोमा आक्रमणका घटना बढाउँदै लगेका छन् । करिब एघार सय व्यक्ति मारिएका छन् भने १० लाखभन्दा बढी मानिस घर छाडेर अन्यत्र पलायन भएका छन्। रिपोर्टर्स विदाउट बोर्डर्सका महासचिव क्रिस्टोफ डिलोएर आक्रमणको घटनाप्रति रोश प्रकट गर्नु भएको छ । उहाँले शाहेल क्षेत्रमा पत्रकार निकै असुरक्षित रहेको पछिल्लो घटनाले पुष्टि गरेको छ भन्नुभएको छ ।

# लकडाउनले ....

बलियो छ’ भनेर भ्रम फैलाउने एक नम्बर सन्देशवाहक प्रधानमन्त्री ओली नै हुन्। भारतमा दोस्रो लहरका प्रशस्त संकेत देखिएपछि पनि प्रधानमन्त्रीले त्यस्तै गैरजिम्मेवार अभिव्यक्ति दिइरहे। उद्योगपति, व्यापारीलाई सम्बोधन गर्दै उनले भने, ‘तातो पानीले नस लिऊँ, नाकमा बसेको कोरोना चट। घाँटीमा बसे अम्बाको पात उमालेर गार्गल गरौं, चट। स्टिम लिदिउँ, फोक्सोबाट चट ।’ अनि व्यवसायीहरु गलल हाँसे।

कोरोना सुरु भएदेखि नै प्रधानमन्त्रीले बोलेका यस्ता बकवासले कोरोना केही होइन भन्ने भ्रम फैलाउन ठूलो भूमिका खेलेको छ। प्रधानमन्त्रीका भनाइ र सरकारका लाख कमजोरीबारे उनीहरूलाई जिम्मेवार बनाउँला। प्रश्न सोधौंला । एक वर्ष समय हुँदा पनि अस्पतालहरूमा आवश्यक बेडको व्यवस्था किन भएन भनेर सोधौंला। पैसा लिएर पनि बेड नथप्ने अस्पताल प्रमुखहरूलाई सरकारले के कारबाही गर्‍यो भनेर सोधौंला। बिग्रेका अक्सिजन प्लान्ट वर्ष दिनसम्म नबनाउने अस्पताललाई सरकारले के दण्ड दियो भनेर सोधौंला। यति धेरै लापरबाही गर्नेहरूमाथि कारबाही नगर्ने हो भने जवाफदेहिता कसरी स्थापित हुन्छ भनेर सोधौंला ।

फेरि पनि नबिर्सौं, आजका दिनमा कोरोनाविरूद्ध लडाइँमा सरकार होइन, आममानिस नै निर्णायक हो। नियन्त्रण गर्न सक्ने हामीले नै हो । यो नियन्त्रण बाहिर गए, दु:ख पाउने पनि हामीले नै हो । त्यसैले, आफ्नो जिम्मेवारी वहन गर्न तपाईं तयार हो कि होइन?

*सा. सेतोपाटी डटकम*


# सहयोगी कार्यकर्ता आवश्यकता

घिरिङ गाउँपालिकाको च.नं. १८३ मिति २०७८/०१/१४ को प्राप्त पत्रानुसार यस विद्यालयमा **बालविकास सहयोगी कार्यकर्ता** नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

१) **पद** : बालविकास सहयोगी कार्यकर्ता (महिला)
२) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता** : एसईई वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : ५००/- (पाँच सय रूपैयाँ)
६) **तलब** : नेपाल सरकारले तोके बमोजिम
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, निरोगिताको प्रमाणपत्र।
९) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०७८/०१/३० गतेसम्म ।
११) **सम्पर्क मिति** : २०७८/०१/३० गते ४ बजे ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : माथिल्लो योग्यतालाई प्राथमिकता ।

प्रधानाध्यापक

**श्री भैरव आधरभुत विद्यालय**

घिरिङ गा.पा.–३, सुलिकोट, तनहुँ । सम्पर्क : ९८४६७७२५८६


# बन्दिपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बन्दिपुर, तनहुँ । गण्डकी प्रदेश नेपाल

**ठेक्का नं. २२/०७७/०७८**

## स्यानिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०१/१६*

यस बन्दिपुर गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयका छात्राहरूको लागि चालु आर्थिक वर्ष २०७७/०७८ का लागि आवश्यक पर्ने स्यानिटरी प्याड सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्ट्रड निर्माता/कम्पनी/फर्म वा सप्लायर्सहरूबाट निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट शिलवन्दी दरभाउपत्र फारम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फारम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण गरेको व्यवसायिक संस्था वा कम्पनीको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखा नम्बर र आर्थिक वर्ष २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको authorization letter को प्रमाणित प्रतिलिपि र दरभाउ पत्र दस्तुर रू १००० (एक हजार रूपैयाँ) मात्र निवेदनसाथ पेश गरेपछि यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिनसम्म कार्यालय समयभित्र उपलब्ध गराइनेछ ।
२. खरिद गरिएका दरभाउपत्र फारमहरूको महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउनुपर्नेछ र सो सिलबन्दी दरभाउपत्र सोही दिन २:०० बजे यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाउपत्र फारम खोल्न बाधा पर्ने छैन ।
३. दरभाउपत्र खरिद गरिने र दर्ता गरिने अन्तिम मिति सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई तत्तत् प्रयोजनको लागि अन्तिम दिन मानिनेछ ।
४. दरभाउ पत्र फारम साथ जमानत बापतको रकम यस बन्दिपुर गाउँपालिका को NIC ASIA बैंक डुम्रे शाखा तनहुँ स्थिति धरौटी खाता नम्बर १४६२०५००२६९१२०१० धरौटीमा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ४५ दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त ‘क’ श्रेणीको बैंकबाट जारी भएको बिडवण्ड संलग्न गर्नु पर्नेछ ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दर रेट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
६. खरिद गर्नुपर्ने सामग्रीको Specification र बोलपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरेबमोजिम हुनेछ । यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित), सार्वजनिक खरीद नियमावली २०६४ (संशोधन सहित) र प्रचलित नियमानुसार हुनेछ ।
७. दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि बन्दिपुर गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
८. आपुर्तीकर्ताले आपुर्ती गर्ने स्यानिटरी प्याडको गुणस्तर स्यानिटरी प्याड (वितरण र व्यवस्थापन) कार्यविधि, २०७६ (संसोधन सहित)को अनुसुचि १ बमोजिम रहेको भन्ने स्वघोषणाको लिखित कागजात पेश गर्नुपर्नेछ । साथै सिलवन्दी दरभाउपत्रका साथ आपुर्ती गर्ने स्यानिटरी प्याडको नमुना समेत राख्नुपर्नेछ । नमुना पेश नगर्ने दरभाउपत्र दाताको दरभाउपत्रलाई मुल्याङ्कनमा समावेश गरिने छैन । दरभाउपत्र दाताले पेश गरेको नमुना बमोजिमका स्यानिटरी प्याड खरिद सम्झौता भएपश्चात सोही गुणस्तरका स्यानिटरी प्याड उपलब्ध गराउनुपर्नेछ । आपुर्ती भैंसकेपछि उक्त कार्यविधिको अनुसुचि १ बमोजिको गुणस्तर रहेको नपाईएमा त्यसको पूर्ण जिम्मेवारी आपुर्तीकर्ताले लिनुपर्नेछ ।
९. आपूर्ति गरिने स्यानिटरी प्याडको मान्य अवधि मिति expiry date स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना वा ७५% जुन बढी हुन्छ सो अवधि बाँकी भएको हुनुपर्नेछ र १८ महिना भन्दा कम expiry date भएको हकमा स्टोर दाखिला मितिले कम्तिमा ७५% म्याद बाँकी हुनुपर्नेछ ।
१०. दरभाउपत्र दाताले आफूले दिन चाहेको स्यानिटरी प्याडको उत्पादक कम्पनी र उत्पादन भएको मुलुकको नाम लगायत आवश्यक विवरण प्रष्टसँग उल्लेख गर्नुपर्दछ ।
११. दरभाउपत्र फारम खरिद र दरभाउपत्र फारम दर्ता सम्बन्धित दरभाउपत्र दाता वा निजले तोकेको आधिकारिक पत्र बाहकले मात्र खरिद गर्न सक्नेछन् ।
१२. Bill of quantity मा सामानको परिमाणमा थपघट भएमा दर भाउ पत्र दाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनुपर्नेछ । प्राप्त दरभाउपत्रहरू पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१३. आफूले सप्लाई गर्ने प्रत्येक स्यानिटरी प्याड औषधि व्यवस्था विभागमा वा वाणिज्य विभागमा दर्ता भएको हुनुपर्नेछ ।

**तपसिल**

| क्र.स. | सुचना नं. | विवरण | लागत अनुमान मु.अ. कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२/०७७/०७८ | स्यानिटरी प्याड खरिद | ९,०२,०००/- | २२५५०/- | |


# स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!

**वैशाख १८ गते शनिबार**

- काठमाडौ अल्का हस्पिटलका वरिष्ठ **बाथ रोग तथा युरिक एसिड रोग विशेषज्ञ डा. अभिलाशा शाहा**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसंग सम्बन्धित विराकीहरूले समस्या समाधानका लागि यथाशिघ्र सम्पर्क राखि सेवा लिनुहुन जानकारी गराइन्छ।

**बाथ रोगका लक्षणहरू :**

१) साना तथा ठुला जोर्नीहरू दुख्ने, सुनिने, कक्रक्क पार्ने ।
२) आरामको समयमा ढाड, जोर्नी बढी दुख्ने ।
३) बिहानको समयमा शरीर अरठ्ठ हुने ४) मांसपेशी दुख्ने, गल्ने
५) थकाई बढी लाग्ने । ६) बारम्बार गर्भधारण समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने । ८) कपाल बढी झर्ने
९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरू निलो, सेतो हुने ।
११) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१२) कुर्कुच्चा मोल्ने, दुख्ने । १३) मांशपेशी कमजोर हुने ।
१४) लामो समयसम्म ज्वरो आउने ।
१५) खकारमा रातो रगत देखा पर्ने । १६) आँखा बारम्बार रातो हुने

**साथै :**

- पोखरा मेट्रोसिटी हस्पिटलका वरिष्ठ **नाक, कान घाँटी रोग विशेषज्ञ डा. निरज के.सी.** ।
- पोखरा पणिपाल हस्पिटलका वरिष्ठ **स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. अञ्जली सुवेदी**द्वारा पनि स्वास्थ्य परीक्षण गरिन्छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।, **२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVATION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ। फोन : ०६५–५६१५७८, ९८४६०६२४६५, ९८४६७७०४७२




जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**प्रशासनको अनुगमन :** तनहुँको व्यास नगरपालिका-३ स्थित नवीन उपभोक्ता सहकारी संस्थाको बुधबार अनुगमन गर्दै जिल्ला प्रशासन कार्यालय तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत वराल लगायत सरोकारवालाको टोली । मिति गुज्रिएका किटनाशक औषधि र अन्य सामग्री महंगो मूल्यमा बिक्री गरेको अख्तियारमा उजुरी परेपछि प्रशासनले अनुगमन गरिएको हो । *तस्विर : भञ्ज्याङ*

# ६० लाखको लागतमा देउरालीनगरमा वधस्थल

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिका-३ स्थित देउराली नगरमा ६० लाख रूपैयाँको लागतमा नमुना बधस्थल निर्माण गरिएको छ । नगरमा निर्मित बधस्थलको उद्घाटन गर्दै नगर प्रमुख वैकुण्ठ न्यौपानेले सुधारिएको आधुनिक बथस्थलको रूपमा संचालन ल्याउन लागिएको हुँदा सफा, स्वच्छ र व्यवस्थित मासु बिक्री वितरण ध्यान दिन आग्रह गरे । 'वधस्थलको सफाईमा विशेष ध्यान दिनु पर्छ योसो भएमा वातावरण प्रदुषण हुनबाट जोगाउँछ', नगरप्रमुख न्यौपानले भने, 'व्यवस्थित बधस्थल नहुँदा मानिसमा पशुजन्य रोगको संक्रमण बढ्न सक्ने खतरा हुने हुँदा यस तर्फ सचेत भई स्वस्थ पशुको बध गरी बिक्री वितरण गर्न ध्यान दिनुपर्छ ।'

बधस्थल उद्घाटन




कार्यक्रमका सभापति एवं पुल्चोक टोल विकास संस्थाका अध्यक्ष नेत्रबहादुर थापाले बधस्थल गण्डकी प्रदेशकै नमुनाका रूपमा चिनारी हुने विश्वास व्यक्त गरे । व्यास नगरपालिकाको ठूलो भूमिका भन्दै टोल वासी र मासु व्यवसायीहरूको सहयोगमा वधस्थल संचालन हुन जरूरी रहेको उनको भनाइ छ । वधस्थलमा वायु ग्याँस, भित्तामा रिटेरिङ्ग वाल्क, नालीसहित निर्माण भएको अवस्थामा संचालन गर्दा राम्रो हुने उनले बताए ।

कार्यक्रममा व्यास-२ का वडाध्यक्ष काशिराम श्रेष्ठ, व्यास-३ का वडाध्यक्ष प्रेमकुमार श्रेष्ठ, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल लगायतले बधस्थलको महत्वका विषयमा चर्चा गरेका थिए । करिब ६० लाख रूपैयाँको लागतमा तयार बधशालाले बजारमा प्रदुषण कम गर्ने र व्यवस्थित तथा शुद्ध मासुको आपूर्तिमा जोड दिने व्यास-३ का वडा सदस्य रविन पौडेलले बताए। वधस्थल निर्माण उपभोक्ता समितिका सचिव देव गजमेरले दमौली मात्र नभएर यस क्षेत्रकै लागि नमूना भएको भन्दै यसको सदुपयोगमा सबै क्षेत्रबाट सहयोगको अपेक्षा राखिएको बताए।

# ग्रामीण भेगमा विद्युतीकरण गर्दै तनहुँ जलविद्युत् आयोजना

**कृष्ण न्यौपाने**/दमौली

हालसम्म विद्युत् सुविधा नपुगेको तनहुँका ग्रामीण भेगमा तनहुँ जलविद्युत् आयोजनामार्फत विद्युतीकरणको काम अगाडि बढेको छ । विद्युत् सेवा नपुगेका तनहुँका विभिन्न ठाउँमा आयोजनामार्फत विद्युतीकरणको काम अगाडि बढेको हो । आयोजनामार्फत जिल्लाका घिरिङ, ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी र देवघाट गाउँपालिकाका विद्युत् नपुगेका घरधुरीमा विद्युतीकरण गरिने इन्जिनीयर लक्ष्मण रेग्मीले जानकारी दिनुभयो ।

तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रम अन्तर्गत तनहुँमा विद्युतीकरण गर्न प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालय मार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन गर्न इष्ट इन्डिया उद्योग/वाइवा इन्फ्राटेक जेभीसँग विसं २०७५ मङ्सिर १३ गते ठेक्का सम्झौता भएको थियो । ठेक्का सम्झौताको रकम अमेरिकी डलर ६१ लाख ५३ हजार अमेरिकी डलर र रू १४ करोड ८८ लाख रहेको छ। ठेकेदार कम्पनीले विद्युतीकरण नभएका क्षेत्रको पहिचान गरी सर्भे तथा डिजाइन सम्पन्न गरिसकेको छ । कम्पनीले ३३/११ केभी वितरण लाइन निर्माण गर्नेछ ।

विद्युतीकरणका लागि घिरिङ गाउँपालिका-४ कोटसाभुङ र बन्दीपुर गाउँपालिका-६ साराङघाटमा सबस्टेशन निर्माणको काम भइरहेको छ। तनहुँ जलविद्युत् आयोजनामार्फत जिल्लाका आठ हजार घरधुरीमा विद्युतीकरण गरिनेछ । ती घरधुरीमा विद्युतीकरणका लागि रू ८८ करोड बजेट खर्च हुनेछ। "६/८ एमभिए क्षमताको दुईवटा सबस्टेशन निर्माणाधीन अवस्थामा छ, असार मसान्तभित्र काम सम्पन्न गर्ने भनिए पनि विविध कारणले काममा ढिलाइ भयो", उहाँले भन्नुभयो। उक्त आयोजनामार्फत केही दिन अगाडि बन्दीपुर गाउँपालिका-६ को खहरे, ढाप, थुमथुमे तथा व्यास नगरपालिका-१४ को मास्दीघाट, सुढे रिजाल्दीको ११५ घरमा बत्ती बलेको छ। बत्ती बलेसँगै उक्त ठाउँ अन्धकारमुक्त भएका छन्। बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले उक्त वडामा बत्ती बलेसँगै गाउँपालिकाका सबै घरधुरीमा विद्युत् पहुँच पुगेको जानकारी दिनुभयो।

आयोजनामार्फत नै देवघाट गाउँपालिका-१ मा राष्ट्रिय प्रसारण लाइनको बिजुली पुगिसकेको छ । देवघाट गाउँपालिका-५ स्थित देवपुरबाट ११ केभी लाइनमार्फत कालीटार, कोटा र गोपीटारमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको हो। त्यस क्षेत्रमा पहिले लघु जलविद्युत् मार्फत विद्युत् आपूर्ति भइरहेको थियो। १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणका लागि जग्गा अधिग्रहणको काम पनि अगाडि बढिसकेको छ । आयोजनाको तेस्रो प्याकेज अन्तर्गतको २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका लागि आयोजनाले तनहुँतर्फको जग्गा अधिग्रहणको काम अगाडि बढाएको हो ।

प्रसारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि २३ रोपनी पाँच आना जग्गा अधिग्रहण गरी मुआब्जा वितरणको प्रक्रिया शुरू भएको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । जग्गा अधिग्रहणबापत आयोजनाले रू एक करोड ३१ लाख ३४ हजार ५१० मुआब्जा वितरण गर्नेछ । प्रसारण लाइन निर्माणका क्रममा व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ ।

आयोजनाको मुख्य काम नदी फर्काउने, बाँध निर्माण लगायतको पहिलो प्याकेजको काम छिट्टै शुरू गरिने भएको छ। पहिलो प्याकेजका संरचना निर्माण कार्यका लागि सम्झौता भएसँगै निर्माण कम्पनीलाई आयोजनास्थलमा खटाउने तयारी गरिएको छ । पहिलो प्याकेजका निर्माण कार्यका लागि न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही सोङ्द दा कर्पोरेशन, भियतनाम-कालिका कन्सट्रक्शन (प्रा.) लि. नेपाल जे. भी.बीच सम्झौता भइसकेको छ । कम्पनीसँग रू १६ अर्ब ६२ करोड (प्रोभिजनल सम र मूल्य अभिवृद्धि करबाहेक)मा खरीद सम्झौता भएको थियो । ठेकेदार कम्पनीले खरीद सम्झौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यका लागि निर्माण कम्पनी सिएमसी डी राभेना, इटालीसँग विसं २०७५ असोज १५ मा सम्पन्न खरीद सम्झौता रद्द भएपश्चात् कम्पनीले विसं २०७६ वैशाख १२ गते पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रक्रियामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्रहरु सारभूत रूपमा प्रभावग्राही हुन नसकेकाले सबै बोलपत्रहरु अस्वीकृत गरी एशियाली विकास बैंकको खरीद निर्देशिकाअनुरूप विसं २०७६ फागुन १६ गते दोस्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । रासस




**केशु थापा**
twitter.com/keshu_thapa
सफलताहरू सबै असफलता माथी नै निर्माण भएका हुन्छन, र त कामले सधैब खुशी दिन्छ रिजल्ट ढिलो चाडो आफ्नो ठाउमा होला त्यो पनि त आफ्नो काम गराइ र मेहेनतमा भने पक्कै निर्भर रहन्छ !



**खुसी**
twitter.com/khushiOptional
स्मरण रहोस् मान्छे खराब नभइ,मान्छेको समय खराब हुनसक्छ । हिजो केहि/कोही नहुनेको, आज सम्पूर्ण उसको हुन सक्छ । आज सबै थोक हुनेको भोलि रित्तिन पनि सक्छ ।



**समानता**
twitter.com/equalityKc1
भुकम्पमा नि त्यहि गाउँ फर्किनुपर्ने, नाकाबन्दी मा नि त्यहि गाउँ फर्किनु पर्ने, दशै आयो त्यहि फर्किनु पर्ने, लकडाउन भयो त्यहि फर्किनु पर्ने, अनि यो शहरमा के राखेको छ र ? राम्रो स्कुल यहीँ खोलौ, राम्रो अस्पताल यही खोलौ, राम्रो बिमानस्थल प्रदेश भित्र खोलौ, रोजगार गाउमै सृजना गरौ ।



**सौगात**
twitter.com/yatrisaugat
कोरोनाको महामारीसँगै फैलिएको 'सुचनाको महामारी'बाट आफू जोगिउँ, अरूलाई जोगाउँ । 'अतिरन्जित टाईटल' देख्नासाथ आँखा चिम्लिउँ । 'अपुष्ट हेडलाईन' सुन्नासाथ कान बन्द गरौं। झुठा अडियो लाईक नगरौं । शंकास्पद भिडियो शेयर नगरौं । भाईरल समाचार 'स्यानिटाईज' गर्न नभुलौं । 'फ्याक्टचेक'

# नेपालको आर्थिक वृद्धिदर ३.१ प्रतिशतमा सीमित

**रासस**/काठमाडौं

एशियाली विकास बैंकले नेपालको कूल गार्हस्थ्य उत्पादन गत वर्षको तुलनामा १.९ प्रतिशतले संकुचित भई ३.५ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको छ । बैंकले बुधबार जारी गरेको 'एशियाली विकास परिदृश्य' अनुसार कोभिड-१९ को संक्रमण घटेसँगै अर्थतन्त्रमा आएको केही सुधार र रोगको फैलावटले त्यसलाई पुनः प्रभावित तुल्याउने जोखिम बढेकाले प्रक्षेपण गरिएको आर्थिक वृद्धिदर हासिल गर्न कठिन हुनेछ ।

धानको उत्पादन वृद्धि हुने अपेक्षा गरिएकाले कृषि उत्पादकत्व २.४ प्रतिशतले बढ्ने तथा औद्योगिक क्षेत्रको वृद्धि २.५ प्रतिशत र सेवा क्षेत्रको बढोत्तरी ३.४ प्रतिशतले हुने अनुमान पनि बैंकले गरेको छ । मेलम्ची खानेपानी आयोजना पूरा भई काठमाडौँ उपत्यकामा जल प्रवाह भएको र माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले पहिलो चरणको उत्पादन प्रारम्भ गर्ने अनुमानका साथ निर्माण क्षेत्रले पनि अर्थतन्त्रमा भरथेग गर्ने विश्वास परिदृश्यमा व्यक्त गरिएको छ ।

# पर्यटकीय एवं धार्मिक क्षेत्रमा प्रवेश गर्न रोक

**रासस**/तनहुँ

तनहुँका पर्यटकीय एवं प्रसिद्ध धार्मिकस्थलमा पर्यटक र भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । पछिल्लो समय पुनः महामारीका रूपमा कोभिड-१९ को संक्रमण फैलिँदै जान थालेपछि कम गर्नका लागि प्रवेशमा रोक लगाइएको हो । छाब्दी बाराही मन्दिरमा पूजाअर्चनाका लागि बन्द गरिएको छ । जिल्लास्तरी कोभिड



संकट व्यवस्थापन समितिले मठमन्दिर लगायत धार्मिक र पर्यटकीयस्थलमा भीडभाड नगर्न निर्देशन दिएपछि सोमबारदेखि नै बन्द गरिएको छाब्दीबाराही मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रेम थापाले जानकारी दिनुभयो । त्यसैगरी ढोरबाराही मन्दिरमा आजदेखि भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ। नित्य पूजाअर्चना बाहेक भक्तजनलाई प्रवेशमा रोक लगाइएको छ । गत वर्ष चैतदेखि शुरू भएको कोरोना सङ्क्रमण असारपछि क्रमिकरूपमा घट्दै गएपछि मन्दिरमा भक्तजनको चाप बढ्दै गएको पुजारी चिरञ्जीवी लम्सालले बताउनुभयो ।

इलाका प्रहरी कार्यालय बेलचौतराबाट आएको प्रहरी टोली पूजाअर्चना मंगलबारबाटै रोक्न भने पनि टाढा-टाढाबाट भक्तजन आएकाले आजदेखि बन्द गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । शुक्लागण्डकी नगरपालिका-९ बाजस्थलमा रहेको ढोरबाराही मन्दिर भगवान् विष्णुको तेस्रो अवतारका रूपमा लिइन्छ । मन्दिरको दर्शन गरेमा भाकल पूरा हुने, रोगव्यादी निको हुने जनविश्वास छ । मनोकाङ्क्षा पूरा हुने भएकाले उक्त मन्दिरमा पूजाअर्चना र बलि दिनका लागि छिमेकी जिल्ला स्याङ्जा, कास्की, गोरखा, लमजुङ, पाल्पा, नवलपुर, चितवनबाट भक्तजन आउने गर्छन्।

कोरोना संक्रमण फैलिँदै जान थालेपछि जिल्लाका धार्मिक एवं पर्यटकीयस्थलमा मानिसलाई जमघट नहुन आग्रह गरिएको तनहुँका प्रहरी प्रमुख प्रहरी उपरीक्षक अरूण पौडेलले बताउनुभयो । अनिवार्य मास्क लगाएर हिँड्न र जमघट भएर नबस्नका लागि जनचेतनामूलक कार्यक्रम गर्दै आएको उहाँले जानकारी दिनुभयो । जिल्लाका प्रसिद्ध धार्मिकस्थल अकला देवी, तनहुँ कालिका, थानीमाई, आँधीमूल, पर्यटकीयस्थल मानुङकोट, गलेखामकोट, परेवाडाँडा, बन्दिपुर लगायत क्षेत्रमा जमघट नहुन परिपत्रका साथ आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय तनहुँले जनाएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४